**महालेखापरीक्षकको कार्यालय**
**५२ औँ प्रतिवेदन पस्तुति**
**प्रेस विज्ञप्ति**

महालेखापरीक्षकले नेपालको अन्तरिम संविधान २०६३ को धारा १२२ को व्यवस्थाअनुसार सबै सरकारी कार्यालय, नेपाल सरकारको पूर्ण स्वामित्वका संगठित संस्था, बोर्ड, परिषद्, समिति तथा जिल्ला विकास समितिको आर्थिक वर्ष २०७०। ७१ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी धारा १२३ अनुसार ५२औँ वार्षिक प्रतिवेदन नेपालका महालेखापरीक्षक माननीय भानुप्रसाद आचार्यले आज २०७१ चैत्र २९ गते सम्माननीय राष्ट्रपति समक्ष पेश गर्नुभयो । लेखापरीक्षणको माध्यमबाट सार्वजनिक वित्तीय व्यवहार संञ्चालनमा जिम्मेवारी तथा जवाफदेही पालनाको सम्बन्धमा देखिएका नतिजाहरु समालोचना एवं सुझावसहित व्यवस्थापिका–संसद, सरकार, स्थानीय निकाय, विकासका साझेदारलगायत सम्पूर्ण सरोकारवालाहरुलाई जानकारी गराई पारदर्शी हुने गरी विषयवस्तु समेटिएको छ । प्रतिवेदनउपर सर्वसाधारणको पहुँच सहज बनाउन यस वार्षिक प्रतिवेदन, प्रतिवेदनको सारांशलगायत अन्य व्यहोराहरु लेखापरीक्षण प्रतिवेदन जारी भए पश्चात् यस कार्यालयको वेभसाइट www.oagnep.gov.np मा राखी सार्वजनिक गरिएको छ । वार्षिक प्रतिवेदनका प्रमुख व्यहोरा देहायअनुसार छन्:

१. **लेखापरीक्षण गरेका निकायको विवरण**

| लेखापरीक्षण गरिएका निकाय/ विषय | संख्या | रकम (रु. करोडमा) |
|---|---|---|
| (क) वित्तीय लेखापरीक्षण | | |
| १. सरकारी कार्यालय | ३,९३३ | ८,५३,९४ |
| २. जिल्ला विकास समिति | ७५ | ७८,७५, |
| ३. समिति र अन्य संस्था | ५१६ | ६९,६० |
| ४. संगठित संस्था | ७० | १३,५१,८४ |
| (ख) कार्यमूलक लेखापरीक्षण | २० | - |
| (ग) सूचना प्रविधि लेखापरीक्षण | ३ | - |
| (घ) वातावरणीय लेखापरीक्षण | १ | - |
| **जम्मा** | **४,६१८** | **२३,५४,१५** |

२. **कारबाही गरी टुङ्गो लगाउन बाँकी रकम** – कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम देहायअनुसार रु.२ खर्ब ७३ अर्ब १२ करोड ३० लाख रहेको छ । गतवर्षको तुलनामा उक्त रकम १२.३५ प्रतिशतले वृद्धि भएको छ ।

(रु.करोडमा)

| गत वर्ष | विवरण | यस वर्ष |
|---|---|---|
| ७३,६९ | सरकारी कार्यालयतर्फ बेरुजू | ९०,९७ |
| ४१,७४ | संगठित संस्था एवं समितितर्फ बेरुजू | ४५,८० |
| २,५२ | लेखापरीक्षण नगराएको (बक्यौता) | ४,६४ |
| ९३,३६ | राजस्व असुल नगरेको (बक्यौता) | १,०७,९० |
| २०,७७ | समयमै शोधभर्ना नलिएको वैदेशिक अनुदान | १७,२३ |
| ८,९६ | समयमै शोधभर्ना नलिएको वैदेशिक ऋण | ४,५० |
| २,०५ | सरकार जमानी बसी दिलाएको ऋणको भाखा नाघेको साँवा ब्याज | २,०५ |
| **२,४३,०९** | **जम्मा:** | **२,७३,१२** |

३. **यो वर्षको बेरुजू स्थिति** – यो वर्ष सरकारी कार्यालयतर्फ रु.३७ अर्ब ४० करोड ५७ लाख र संगठित संस्था एवं समितितर्फ रु.६ अर्ब ३१ करोड ३८ लाख समेत निम्नानुसार रु.४३ अर्ब ७१ करोड ९५ लाख बेरुजू देखिएको छ:

(रकम रु लाखमा)

| वर्गीकरण | सरकारी कार्यालय | जिल्ला विकास समिति, समिति तथा अन्य संस्था | जम्मा | कुल बेरुजूको प्रतिशत |
|---|---|---|---|---|
| **जम्मा बेरुजू** | **३७,४०,५७** | **६,३१,३८** | **४३,७१,९५** | **१००.००** |
| १. असुल गर्नुपर्ने | ३,४६,१५ | ७४,३३ | ४,२०,४८ | ९.६२ |
| २. नियमित गर्नुपर्ने | १६,९५,५९ | ४,४४,९४ | २१,४०,५३ | ४८.९६ |
| ३. पेश्की | १६,९८,८३ | १,१२,११ | १८,१०,९४ | ४१.४२ |

४. सरकारी कार्यालयतर्फ बेरुजू रु.३७ अर्ब ४० करोड ५७ लाखमध्ये बढी बेरुजू हुने ५ मन्त्रालय निम्नानुसार छन् । यो रकम कुल बेरुजूको ५८.२७ प्रतिशत छ:

(रु.लाखमा)

| क्र.सं. | मन्त्रालय | लेखापरीक्षण अङ्क | बेरुजू अंङ्क | | | | कुल बेरुजुको प्रतिशत | ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेश्की बाँकी | जम्मा | | |
| १. | भौतिक पूर्वाधार तथा यातायात | ४६२३२६ | २०४३ | १६१८१ | ३५७६४ | ५३९८९ | १४.४३ | ११.६८ |
| २. | संघीय मामिला तथा स्थानीय विकास | ४१८६०३ | २७४७ | १६७३८ | २५३८६ | ४४८७१ | १२.०० | १०.७२ |
| ३. | शहरी विकास | १७८२५८ | ७८७ | ७६४९ | ३२१९२ | ४०६२९ | १०.८६ | २२.७९ |
| ४. | रक्षा | ३६६८६२ | ३०१ | १९४८ | ३८३४७ | ४०५९६ | १०.८५ | ११.०६ |
| ५. | अर्थ | ४३७९०९५ | १२७९८ | २१३३१ | ३७६२ | ३७८९० | १०.१३ | ०.८६ |
| | **जम्मा** | **८५४९४६४** | **३४६१५** | **१६९५५८** | **१६९८८१** | **३७४०५६** | **५८.२७** | |

५. **असुली** – सरकारी कार्यालयतर्फ यो वर्ष लेखापरीक्षणको क्रममा रु.११ करोड २६ लाख असुल गरेको र प्रारम्भिक प्रतिवेदन पठाएपछि ३२ निकायअन्तर्गतका कार्यालयले रु.२० करोड ४३ लाख, सम्परीक्षणको क्रममा ३३ निकाय मातहतले रु.१ अर्ब ५६ करोड ८७ लाखसमेत रु.२ अर्ब ६ करोड ६ लाख असुल भएको छ ।

६. **प्राविधिक सहायता** – २७ मन्त्रालयअन्तर्गत १४३ सम्झौताअन्तर्गत रु.४८ अर्ब १९ करोड ४७ लाख प्राविधिक सहायता प्राप्त हुने अनुमान रहेकोमा उक्त रकमको खर्च हुने क्षेत्र नखुलेको तथा केन्द्रीय आर्थिक विवरणमा समावेश गर्नुपर्नेमा नगरेकोले सरकारको समग्र आय–व्ययको चित्रण हुन सकेको छैन । आर्थिक विवरण एवं स्रेस्ता पेश गरी लेखापरीक्षण गराएको छैन ।

७. **उल्लेख्य बेरुजू नदेखिएका निकाय** – यो वर्ष उल्लेख्य बेरुजू नदेखिएका निकायहरुमा राष्ट्पतिको कार्यालय, उपराष्ट्पतिको कार्यालय, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखापरीक्षकको कार्यालय, लोक सेवा आयोग, न्यायपरिषद्, राष्ट्रिय मानव अधिकार आयोग, कानुन न्याय, संविधानसभा तथा संसदीय व्यवस्था मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोगको सचिवालय रहेका छन् ।

## ८. समान प्रकृतिका व्यहोराको संक्षिप्त झलक

- नीति, कार्यक्रम र सेवाप्रवाहमा दोहोरोपन,
- कानुनको पालना र आन्तरिक नियन्त्रण फितलो रहेको,
- कार्यविवरण स्वीकृत नगरेको,
- तालिम, भ्रमण र प्रोत्साहन खर्च उपलब्धिमूलक नभएको,
- ढिलो अख्तियारी र वर्षान्तमा खर्च,
- दरबन्दी पूर्ति नभएको,

- कार्यक्रमको प्रगति न्यून रहेको,
- रकमान्तर थपघट गरेको,
- प्राविधिक सहायताको लेखापरीक्षण नगराएको,
- निर्माण कार्यको लागत अनुमान बढाएको,
- कानुनको प्रावधान विपरीत मूल्य समायोजन भुक्तानी,
- असम्बन्धित खर्च लागत अनुमानमा समावेश गरेको,
- पूर्वानुमान गर्न सकिने कार्यमा भेरिएसन गरेको,
- बाह्य जनशक्ति प्रयोग गरी काम गराएको,
- प्रतिस्पर्धा सीमित तथा सोझै खरिद गराएको,
- ठेक्का व्यवस्थापन समयमा हुने नगरेको,
- समय वृद्धि गरेबाट लागत बढ्ने गरेको,
- कन्टिन्जेन्सी खर्चको अभिलेख नराखेको र सीमा नघाई खर्च,
- खरिद विधि मितव्ययी र पारदर्शी नभएको,
- कोषको रकम उद्देश्यमूलक उपयोग नभएको,
- प्रशासनिक खर्च सीमा नघाई गरेको,
- अनुदानको प्रभावकारी अनुगमन नभएको,
- भुक्तानीमा कर कट्टी नगरेको,
- असीमित दायित्व सिर्जना गरेको,
- संगठित संस्थाको नोक्सानी वढेको,
- आयोजना हिसाब पेश नगरेको,
- लेखापरीक्षणको अन्तिम प्रतिवेदनउपउर कारबाही नगरेको,
- लेखापरीक्षकको नियुक्तिको परामर्श समयमै माग नगरेको

९. **मूल्य समायोजन** – सार्वजनिक खरिद ऐन २०६३ मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईको कारण काम सम्पन्न नभएमा मूल्य समायोजन गर्न नसकिने व्यवस्था भएकोमा सडक विभागअन्तर्गत ३५ इकाईले रु.७० करोड ६३ लाख ४० हजार नियम विपरीत मूल्य समायोजन भुक्तानी गरेको देखिन्छ । रानीजमरा कुलेरिया सिंचाइ आयोजनाले कर्णाली नदीमा बाढीले कफर ड्याम बगाएको, निर्माणस्थलमा रुख कटान हुन नसकेको जस्ता कारणले म्याद थप गरी रु.७ करोड ५१ लाख मूल्य समायोजनको रकम भुक्तानी गरेको छ । सम्झौतामा मूल्य समायोजनको व्यवस्था नगरी, सूत्र र मूल्यसूची फरक पारी शहरी विकास मन्त्रालयअन्तर्गत २ इकाईले रु.४ करोड २७ लाख ७ हजार र व्यावसायिक कृषि तथा व्यापार आयोजनाले परामर्शदातालाई रु.२७ लाख ६९ हजार मूल्य समायोजनबापत भुक्तानी गरेका छन् ।

१०. **असम्बन्धित खर्च** – लागत अनुमान तयार गर्दा निर्माण कार्यसँग सम्बन्धित आइटमहरुमात्र समावेश गर्नुपर्नेमा सवारीसाधन खरिद, सवारी भाडा, ल्यापटप, कम्प्युटर, क्यामरा खरिद आदिको खर्चसमेत समावेश गरेको कारण लागत वृद्धि भएको छ । उदाहरणको लागि सडक विभागअन्तर्गत २२ इकाईले रु. ७ करोड ४२ लाख ३० हजार उपर्युक्त कार्यमा खर्च गरेका छन् ।

त्यस्तै सिँचाइ विभागअन्तर्गत ३ इकाईले रु.५ करोड २५ लाख ७२ हजार सवारी भाडाबापत भुक्तानी गर्नेगरी खरिद संझौता गरेको, व्यावसायिक कृषि तथा व्यवस्थापन आयोजनाले परामर्शदातामार्फत भाडामा सवारीसाधन लिई रु.६८ लाख भुक्तानी गरेको र शहरी विकास मन्त्रालय अन्तर्गतका ८ इकाईले रु.२ करोड ४८ लाख ५७ हजार र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयअन्तर्गतका १० इकाईले रु.७९ लाख ४९ हजार सवारीसाधन खरिदमा खर्च गरेका छन् । निर्माण कार्यको लागतमा यस्ता खर्च समावेश गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

११. **ठेक्का व्यवस्थापन** – यो वर्ष ८ मन्त्रालयअन्तर्गत रु.३३ अर्ब ६४ करोड ३० लाखको ठेक्का बन्दोबस्त गरेकोमध्ये रु.३० अर्ब ७० करोड ८४ लाखको ठेक्कापट्टा दोस्रो र तेस्रो चौमासिकमा बन्दोबस्त गरेको पाइयो । तेस्रो चौमासिकमा गरिएको ठेक्का बन्दोबस्तमध्ये रु.५ अर्ब ७१ करोड ३३ लाखको ठेक्का आषाढ महिनामा गरेको छ ।

१२. **समय वृद्धि** – सार्वजनिक निकायबाट बन्दोबस्त गरिएका ठेक्काहरु समयमा सम्पन्न नभई १६ निकायअन्तर्गत ३ हजार २५ ठेक्कामध्ये १ हजार ६८९ (५५.८३ प्रतिशत) मा म्याद थप भएकोमा ६९५ ठेक्कामा शुरु अवधिको ५० प्रतिशतसम्म, ४८७ ठेक्कामा शुरु अवधिको ५१ देखि शतप्रतिशतसम्म र ५०७ ठेक्कामा शुरु अवधिको शतप्रतिशतभन्दा बढी म्याद थप भएको पाइयो । ठेक्काको समय वृद्धि हुने परिपाटीले आयोजना/कार्यक्रमको लागत वृद्धिसमेत हुने गरेको छ ।

१३. **कोष सञ्चालन** – लेखापरीक्षणमा उपलब्ध भएसम्मको आधारमा विभिन्न कोषहरुमा गतवर्षको जिम्मेवारी रु.४२ अर्ब ८५ करोड ५६ लाख भएकोमा यो वर्ष रु.१ खर्ब ७४ अर्ब ५६ करोड ८५ लाखसमेत रु.२ खर्ब १७ अर्ब ४२ करोड ४१ लाख आम्दानी गरी रु.१ खर्ब ६६ अर्ब १५ करोड ६६ लाख खर्च भई रु.५१ अर्ब २६ करोड ७५ लाख मौज्दात रहेको देखिएको छ । सरकारले कार्यसञ्चालन कोष ऐन, २०४३ अन्तर्गत कोष सञ्चालन गर्न नपाउने निर्णय गरे तापनि कतिपय त्यस्ता कोषहरु हाल पनि सञ्चालनमा नै रहेका छन् । कोष सञ्चालनको स्वीकृतिउपर नियन्त्रण हुनुपर्दछ ।

नेपाल दूरसञ्चार प्राधिकरणमा ग्रामीण विकास कोषको रु.७ अर्ब ९७ करोड ४८ लाखसमेत रु.२४ अर्ब ३४ करोड ४८ लाख मौज्दात रहेको छ । निश्चित उद्देश्यका लागि स्थापना भएको कोषबाहेकको रकम प्राधिकरणमा राख्नु उपयुक्त होइन ।

१४. **असीमित दायित्व** – निवृत्तिभरण प्रदान गर्न योगदानमूलक निवृत्तिभरण कोषको व्यवस्था हुन नसकेको कारण प्रत्येक वर्ष सरकारलाई निवृत्तिभरण खर्चको भार वृद्धि हुँदै गएको छ । निवृतिभरणमा २०६९।७० मा रु.१८ अर्ब ३० करोड ९ लाख खर्च भएकोमा २०७०।७१ मा ३३.२१ प्रतिशतले वृद्धि भई रु.२४ अर्ब ३८ करोड खर्च भएको छ । यस्तो खर्च कुल राजस्वको ६.८४ प्रतिशत र कुल चालु खर्चको ८.०३ प्रतिशत रहेको छ ।

१५. **कानूनसम्मत नदेखिएका मन्त्रालयगत उल्लेख्य व्यहोरा:**

**अर्थ मन्त्रालय**

- **जमानत ऋण** – यो वर्ष मन्त्रिपरिषद्को निर्णयानुसार नेपाल सरकार जमानत बसी नेपाल आयल निगमलाई कर्मचारी सञ्चयकोषबाट रु.४ अर्ब ३५ करोड थप र नागरिक लगानी कोषबाट रु.२ अर्ब ८० करोडसमेत रु.७ अर्ब १५ करोड ऋण उपलबध गराएको छ । यसै गरी कर्मचारी सञ्चयकोषबाट नेपाल वायुसेवा निगमलाई २०७१।१०।२२ सम्म रु.६ अर्ब ९२ करोड ३० लाख ऋण उपलबध गराएको छ । यस्तो जमानत ऋण हालसम्म कर्मचारी सञ्चयकोषको रु.१८ अर्ब ४१ करोड ४६ लाख र नागरिक लगानी कोषको रु ७ अर्ब ९३ करोड असुल हुन बाँकी देखिएको छ । गोरखकाली रबर उद्योगसमेत विभिन्न २५ संस्थालाई जमानतमा उपलबध गराएको भाखा नाघेको सावां बयाज रु.२ अर्ब ५ करोड ४४ लाख अद्यापि असुल हुन बांकी नै रहेको छ ।

- **राजस्व छुट** – यो वर्ष मन्त्रालयले आर्थिक ऐन, २०७० को दफा १८ प्रयोग गरी स्वास्थ्य सामग्री र उपकरण, सवारीसाधन, विद्युतीय तथा ऊर्जाजस्ता सामग्री आयात गर्ने ११६ संस्थालाई महसुल छुट दिएको छ । राजस्व छुटको उक्त विवरणमा संस्थागत र व्यक्तिगत करदातालाई आयकर, भन्सार, मूल्य अभिवृद्धि कर र अन्त:शुल्क छुट दिएको कारण, सो छुटले राजस्वमा हुन गएको कमीको रकमगत विवरण मन्त्रालयले तयार गरेको छैन । यो वर्ष देहायअनुसारको संस्था, वस्तु तथा सेवा प्रयोजनमा रु.३८ अर्ब २६ करोड ७० लाख राजस्व छुट दिएको देखिन्छ । घिउ, तेल, मोबाइल, निर्यातलगायतमा राज्यकोषमा प्राप्त भएको मूल्य अभिवृद्धि कर रु. ७ अर्ब २ करोड ९६ लाख फिर्ता

दिएको देखिन्छ । साथै चिनीमा रु.४८ करोड ९६ लाख मूल्य अभिवृद्धि कर फिर्ता समायोजन गरेको समेत कुल रु ४५ अर्ब ७८ करोड ६२ लाख छुट दिएको छ ।

- **वस्तुगत सहायताको आम्दानी** – वस्तुगत सहायताबापत रक्षा मन्त्रालय मातहत रु.२ अर्ब ८९ करोड १३ लाख, गृह मन्त्रालय मातहत रु ७९ करोड ५१ लाख, स्वास्थ मन्त्रालय मातहत रु ४७ करोड ८० लाख र निर्वाचन आयोगलाई रु ७३ करोड ८२ लाख समेत रु.४ अर्ब ९० करोड २६ लाख एकीकृत वार्षिक आर्थिक विवरणमा उल्लिखित रकम समावेश गरेको देखिएन ।

- **प्रति व्यक्ति ऋण दायित्व** – २०७०।७१ सम्म नेपाल सरकारको कुल ऋण दायित्व रु.५ खर्ब ५३ अर्ब ५० करोड ७७ लाख रहेको छ । जसमध्ये आन्तरिक ऋण रु.२ खर्ब ६ अर्ब ६८ करोड ८६ लाख र वैदेशिक ऋण रु.३ खर्ब ४६ अर्ब ८१ करोड ९१ लाख रहेको प्राप्त विवरणबाट देखिन्छ । सो ऋण २०७०।७१ को कुल गार्हस्थ्य उत्पादन (चालु मूल्यमा) रु.१९ खर्ब २८ अर्बको तुलनामा २८.७० प्रतिशत रहेको छ । केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्क अनुसार कुल जनसंख्या २ करोड ७५ लाखलाई आधारमान्दा २०७१ आषाढ मसान्तसम्ममा प्रतिव्यक्ति कुल ऋण दायित्व गत वर्षभन्दा करिब रु.३६।३२ ले वृद्धि भई रु.२० हजार ६९ पुगेको छ

- ठूलो परिमाणमा प्रशोधित तेल आयात गरी उपभोक्ता प्याकेजमा प्याकेजिग गरी बिक्री वितरण गर्ने प्याकेजिग उद्योगहरुले यस्तो सुविधा नपाउने उल्लेख छ । ठूला करदाता कार्यालय कार्य क्षेत्रका घिउ तेल उत्पादन गर्ने १६ उद्योगलाई यो वर्ष रु.१ अर्ब २८ करोड ५० लाखसमेत विगत ३ वर्षमा रु.३ अर्ब ६४ करोड १० लाख मूल्य अभिवृद्धि कर फिर्ता गरेको छ ।

ऊर्जा मन्त्रालय

- **विद्युत महसुल** - मन्त्रालयले यो वर्ष २०६९।७० सम्मको ८ जुट मिलको रु.४० करोड ७९ लाख १५ हजार, शीत भण्डारको रु.१० करोड ९ लाख ४० हजार र दुग्ध चिस्यान केन्द्रको रु.३ करोड ९८ लाख १८ हजार बक्यौता विद्युत महसुल तथा थप दस्तुर रु.१३ करोड ७१ लाख ६८ हजारसमेत रु.६८ करोड ५८ लाख ४१ हजार नेपाल विद्युत प्राधिकरणलाई भुक्तानी गरेको देखियो ।

  रुग्ण जुट मिलहरु र नयाँ स्थापना हुने शीत भण्डार एवं दुग्ध चिस्यान केन्द्रहरुलाई निश्चित अवधिको लागि उपलब्ध गराइने सुविधा निरन्तर उपलब्ध गराउँदा र विद्युत महसुल बापतको अनुदान समयमा भुक्तानी नगर्दा थप दस्तुर रु.१३ करोड ७१ लाख ६८ हजारसमेत व्ययभार परेको छ ।

- **छुट सुविधा सिफारिस** – विद्युत विकास विभागबाट जलविद्युत आयोजनाहरुको सर्वेक्षण, उत्पादन, वितरण र प्रसारण अनुमतिपत्र प्राप्त गरेका प्रर्वद्धकहरुलाई २०७०/७१ मा विभिन्न छुट सुविधा सिफारिसको विवरण माग गरिएकोमा रु.८ अर्ब १३ करोड १७ लाख १४ हजार सिफारिस गरेको प्राप्त विवरणबाट देखिन्छ । विभागले भन्सार र मूल्य अभिवृद्धि कर छुट सिफारिस गर्दा सिफारिस गरिएका सामानहरु नेपालमा उत्पादन हुन नसक्ने आधार खुलाउने गरेको देखिएन ।

- विद्युत प्राधिकरणको यो वर्षको ऊर्जा नोक्सानी विगत वर्षभन्दा ०.३२ प्रतिशतले सुधार भई २४.७९ प्रतिशत रहेको छ। यो वर्षमात्र ऊर्जा नोक्सानी रु.९ अर्ब ३४ करोड ७० लाख (औसत बिक्री दर रु.८.१४) रहेको छ।

कृषि विकास मन्त्रालय

- **खाद्यान्नमा मिसावट** - खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र अन्तर्गत कार्यालयबाट २०६९।७० र २०७०।७१ मा ४६ जिल्लाबाट क्रमशः ३ हजार ३६४ र ३ हजार १०३ विभिन्न खाद्य वस्तुको नमूना सङ्कलन गरी परीक्षण गर्दा क्रमशः २९७ र २७९ उत्पादक तथा वितरक विरुद्व सम्बन्धित जिल्ला प्रशासन कार्यालयम मुद्दा दायर गरेको विवरण पेश भएकोमा मुद्दा दायर भएको दुई वर्ष बितिसक्दा पनि मुद्दा फछ्र्यौट नभएकोले त्यस्ता उत्पादक र वितरकलाई कारबाही हुन सकेको छैन ।

**परराष्ट्र मन्त्रालय**

- नियोग तथा दूतावासबाट असुल भएको राजस्वमध्ये वर्षान्तसम्म रु.१ अरब ४७ करोड ४७ लाख ७८ हजार दाखिला देखाए तापनि निकायगत विवरण नराखेकोले असुली, दाखिला तथा बाँकीको स्थिति यकिन गर्ने आधार भएन ।

- नियोग तथा दूतावासका पदाधिकारी तथा कर्मचारीबाट रु.२ करोड ८ लाख २६ हजार कर कट्टा गरेको पाइएन ।

- विभिन्न ८ देशका राजदूतहरु तोकिएको म्यादभन्दा बढी अवधि बसी रु.५५ लाख ९० हजार थप भुक्तानी भएको छ ।

**भौतिक पूर्वाधार तथा निर्माण मन्त्रालय**

- **सडक** विभागमातहत ६८ इकाईबाट प्राप्त पूँजीगत खर्चको विवरणअनुसार रु.१८ अर्ब ४० करोड १७ लाख ६५ हजार खर्च गरेकोमा तेस्रो चौमासिकमा रु.१२ अर्ब २५ करोड ५ लाख ७२ हजार (६६.५७ प्रतिशत) र आषाढमा रु.९ अर्ब १२ करोड ६ लाख ८० हजार (४९.५६ प्रतिशत) खर्च गरेको देखिएको छ ।

- **अधुरो ठेक्का –** विभागमातहतका ४७ इकाईले ४ हजार ५२ खरिद सम्झौता गरेकोमध्ये २०७१ आषाढसम्म ३ हजार ७३५ ठेक्काको काम सम्पन्न हुनुपर्नेमा १ हजार ८९२ ठेक्काको मात्र काम सम्पन्न भएको र बाँकी १ हजार ८४३ ठेक्काको काम अधुरो रहेको छ ।

- सडक विभाग र अन्तर्गतका ५५ इकाईले यो वर्ष मष्टररोल ज्यालाबापत रु.१५ करोड २६ लाख ७८ हजार, इन्धन, सूचना प्रकाशन, दैनिक भ्रमण भत्ता, मर्मत, कार्यालय सामान आदिमा रु.४४ करोड ७९ लाख ३ हजार, सवारीसाधन खरिद गर्न सडक विभागमा पठाएको रु.१४ करोड ३२ लाख ५ हजारसमेत रु.७४ करोड ३७ लाख ८६ हजार र रेल विभागले रु.२ करोड ८८ लाख ४१ हजार अभिलेखबेगर कन्टिन्जेन्सी खर्च लेखेको छ ।

**रक्षा मन्त्रालय**

- एउटै कम्पनीको बिस्कुट दुई आपूर्तकबाट क्रमश रु.११।- र रु.१३।७६ प्रति प्याकेट (४३ ग्राम) मा आपूर्ति गर्ने प्रस्ताव गरेको मूल्याङ्कनमा विश्लेषण नगरी रु.१३।७६ को रु.९ करोड ५८ लाख ८१ हजार बढीको ठेक्का स्वीकृत गरेको पाइयो । त्यस्तै एउटै कम्पनीबाट उत्पादित दूध आपूर्ति गर्ने उल्लेख गरी बोलपत्र पेश भएकोमा एक आपूर्तकले रु.१० करोड ६७ लाख १२ हजारको बोलपत्र पेश गरेकोमा अर्को आपूर्तकको रु.१६ करोड ७१ लख ८३ हजारको बोलपत्र स्वीकृत गरी सम्झौता गरेको पाइयो ।

**वन तथा भू–संरक्षण मन्त्रालय**

- मौज्दातमा रहेको काठ १८ लाख ७३ हजार ९२९ घनफिट समयमा लिलाम बिक्रीसम्बन्धी कारबाही नगर्दा यो वर्ष बिक्री भएको लिलामको औषत मूल्य रु.७९५ प्रतिघनफिटको आधारमा रु.१ अर्ब ४८ करोड ९७ लाख ७४ हजार र लिलाम सकार गरेको अधिकतम मूल्य रु.२ हजार ५०० प्रतिघनफिटको आधारमा रु.४ अर्ब ६८ करोड ४८ लाख २२ हजार राजस्व प्राप्त हुने अवस्था का काठ  हैसियत खराब हुने अवस्था रहेकोछ ।

- वन विभागबाट प्राप्त विवरणअनुसार ६१ जिल्लाका ७४० स्थानमा १ लाख २१ हजार २३४ घरधुरीले ९४ हजार ६५९ हेक्टर वन अतिक्रमण गरी ३० हजार १९४ घर, टहरा निर्माण तथा खेतीपाती गरेको देखिन्छ । मकालु वरुण निकुञ्जको प्रतिवेदनअनुसार निकुञ्ज क्षेत्रभित्रको विभिन्न ११ स्थानमा ५५ होटल तथा चिया पसल र १२० घर निर्माण भएको उल्लेख छ । यी जिल्लामा अतिक्रमण हटाउन विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु जरुरी देखिएको छ ।

## शहरी विकास मन्त्रालय

- यो वर्ष १८ खानेपानी तथा सरसफाई डिभिजन/सवडिभिजन कार्यालयले रु.६० लाखभन्दा बढी लागत अनुमान भएका रु.३ अर्ब ८० करोड ३४ लाख ३६ हजार रकमका ९७ योजना उपभोक्ता समितिबाट कार्य गराई रु.९९ करोड ३१ लाख ५७ खर्च गरेको पाइयो । त्यसैगरी ६ कार्यालयले रु. ६ करोड ५० लाख ५२ हजार लागत अनुमान भएका रिजर्भ ट्याङ्कीलगायत जटिल संरचनायुक्त २३ योजनाका कार्य गराएका छन् ।

- मेलम्ची आयोजनाको व्यवस्थापन, बाँध तथा सुरुङ र पानी प्रशोधन केन्द्र निर्माणको डिजाइन तथा सुपरभिजन र सामाजिक उत्थान कार्यक्रमको सुपरीवेक्षण कार्यका लागि विगतमा ७ परामर्शदातृ संस्था रहेकोमा यो वर्ष ४ संस्था कार्यरत छन् । आयोजनाको कुल लागत अनुमान रु.२३ अर्ब ४५ करोड ८६ लाख ५० हजारमध्ये परामर्श सेवाका लागि छुट्याएको रु.३ अर्ब ३८ करोड १२ लाख (कुल लागतको १४.४२ प्रतिशत) रहेको छ । आयोजनामा २०७१ आषाढसम्मको खर्च रु.१२ अर्ब १३ लाख ९७ हजारमध्ये परामर्श सेवामा रु.३ अर्ब ३७ करोड २९ लाख ६४ हजार (२८.११ प्रतिशत) खर्च गरेको छ ।

## शान्ति तथा पुनर्निर्माण मन्त्रालय

- **शान्ति व्यवस्थापन खर्च –** विस्तृत शान्ति सम्झौता २०६३ पछि शान्ति प्रवर्द्धन, पुन: निर्माण, राहत, पुन: स्थापना, संक्रमणकालीन न्याय, लडाकूको रेखदेख तथा समायोजन जस्ता विषयको व्यवस्थापन गर्न यसवर्षसम्म निम्नानुसार रु.५२ अर्ब ९८ करोड ५५ लाख ६६ हजार निकासा भएको छ:

(रु.हजारमा)

| क्र.सं. | खर्चका क्षेत्र | जम्मा |
|---|---|---|
| १ | माओवादी लडाकूहरुको मासिक भत्ता, भरणपोषण, प्रशासनिक खर्च, पूर्वाधार निर्माण र स्वेच्छिक अवकाश खर्च | २०६५२६९८ |
| २ | पुनर्निर्माण तथा अन्य खर्च | ३२३३२८६८ |
| | **जम्मा** | **५२९८५५६६** |

उक्त खर्चमा नेपाल सरकारको अन्य निकाय, गैरसरकारी संस्था तथा विकास साझेदारहरुले अन्य निकायमार्फत गरेको खर्च समावेश छैन ।

## शिक्षा मन्त्रालय

- यो वर्ष ३९ शिक्षा कार्यालयले शिक्षकहरुको तलब भत्ताबापत पाउनुपर्नेभन्दा रु.४ करोड ५८ लाख ७८ हजार बढी निकासा दिएको र २२ जिल्ला शिक्षा कार्यालयले अन्तर्गतका ११८ विद्यालयलाई सेवाबाट अवकाश भैसकेका शिक्षकहरुको तलब भत्ताबापत रु.५४ लाख ८३ हजार निकासा दिएको समेत रु.५ करोड १३ लाख ६१ हजार बढी निकासा दिएको छ

- जिल्ला शिक्षा कार्यालय ४७ मा कक्षामा सहभागी विद्यार्थी ९ लाख ६७ हजार २४३ भएकोमा ११ लाख ६८ हजार ६२६ विद्यार्थीको लागि मसलन्दबापत रु.९ करोड ७४ लाख १८ हजार र पाठ्यपुस्तकबापत रु.६ करोड ४० लाख ७० हजारसमेत रु.१६ करोड १४ लाख ८८ हजार खर्च गरेकोमा सहभागी एवं उपस्थिति नै नभएका २ लाख १ हजार ३८३ विद्यार्थीका लागि मसलन्दबापत रु.१ करोड ९१ लाख ७० हजार र पाठ्यपुस्तकबापत रु.१ करोड ८ लाख ८० हजार समेत रु.३ करोड ५० हजारले बढी व्ययभार पर्न गएको छ

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

- रोयल्टीबापतको रकम आर्थिक वर्ष प्रारम्भ भएको मितिले २ महिनाभित्र मन्त्रालयमा बुझाउनुपर्नेमा आन्तरिक राजस्व विभागले २०७०।६।१६ मा बक्यौता रोयल्टी रु.६७ करोड २३ लाख ३ हजार असुल

गर्न बाँकी रहेको विवरण मन्त्रालयलाई पठाएको देखिन्छ । मन्त्रालयले बक्यौता रोयल्टी असुल गरेको छैन ।

- नेपाल वायुसेवा निगमले विमानको अपरेशन म्यानुयलमा विभिन्न उचाइमा जहाजको तौल तथा अन्य फरक फरक अवस्थामा फरक फरक इन्धन खपतको व्यवस्था गरेकोमा औसत ३५ हजार फिटको उचाइमा ९५ टनको जहाजमा प्रतिघण्टा ३.६१ टन इन्धन लाग्ने नर्म्स रहेकोमा बढी देखाई १५ लाख ३१ हजार २०० लिटरको औसत दर रु.१०८.५० ले रु.१६ करोड ६१ लाख ३५ हजार इन्धन खपतको पुष्ट्यांईबेगर खर्च लेखेको छ ।

**संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

- जिल्ला विकास समिति ६४ ले यो वर्ष  आन्तरिक आयबाट तोकिएको सीमाभन्दा रु.२८ करोड २९ लाख १ हजार बढी खर्च गरेका छन् । यस सम्बन्धमा २०६८।१२।१ मा सार्वजनिक लेखा समितिबाट बढी खर्च गर्नेलाई विभागीय कारबाही गर्ने निर्णय भएकोमा कार्यान्वयन भएको छैन ।

- पूँजीगत रकमबाट कुनै पनि प्रकारको आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न नपाउने मा जिल्ला विकास समितिको कार्यालय २२ ले आन्तरिक आयको पूँजीगत खर्च शीर्षक तथा अन्य शीर्षकबाट रु.१ करोड ८ लाख १४ हजार आर्थिक सहायता दिएका छन् ।

- जिल्ला विकास समिति २३ ले परिषद्को निर्णयबाट देहायअनुसार रु.५ करोड ९२ लाख ५ हजार भत्ता तथा सुविधामा खर्च गरेका छन् ।

**सिँचाइ मन्त्रालय**

- ठेक्कामा समावेश गरी एक परामर्श दातासँग २४ महिनासम्म गाडी उपलब्ध गराउन रु.२७ लाख १२ हजार, रानी जमरा कुलरिया सिँचाइ आयोजनाले ५ गाडी र ४ मोटरसाइकलको लागि रु.३ करोड ७८ लाख सवारीसाधन भाडामा लिने गरी सम्झौता गरेको छ । सिक्टा सिँचाइ योजनाले सवारीसाधन भाडाको लागि रु.१ करोड ६० लाखमा सम्झौता भएकोमा भेरिएसन गरी हालसम्म रु. १ करोड ६९ लाख भुक्तानी गरेको छ ।

**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

- यो वर्ष महाशाखाको नाममा भन्सार बिन्दुबाट २०७०।८।२६ देखि २०७०।९।५ सम्म ६ प्रज्ञापनपत्रबाट रु.६१ करोड ६४ लाख ७७ हजार मूल्यका २१ लाख २९ हजार ५२९ कीटनाशकयुक्त झुल जाँचपास भएकोमा रु.३० करोड ९७ लाख ४३ हजारको १० लाख मूल्यको ६४ हजार ७२९ झुल मात्र महाशाखाले जिन्सी आम्दानी बाँधी औलोग्रस्त जिल्लाहरुमा वितरणको लागि पठाएको देखिन्छ । बाँकी रु.३० करोड ९८ लाख मूल्यको १० लाख ६४ हजार ८०० झुल आम्दानी गरको छैन  ।

- चार उपकरण खरिदको नमूना परीक्षण गर्दा युएसजी मेसिन ५ को भन्सार बिन्दु मूल्य अमेरिकी डलर ५९ हजार ४५० भएकोमा सम्झौताअनुसार अमेरिकी डलर ९८ हजार ५००, १० सेट एक्सरे मेसिनको भन्सार बिन्दु मूल्य अमेरिकी डलर २ लाख ८९ हजार भएकोमा अमेरिकी डलर ३ लाख ४९ हजार, फ्ल्याट प्यानेल डिजिटल फ्लोरोस्कोपी १ थानको भन्सार बिन्दुमा अमेरिकी डलर ३ लाख ८० हजार ८२५ भएकोमा अमेरिकी डलर ५ लाख ४४ हजार ९०० र डार्करुम एक्सरे एसेसरिज ५० युनिटको भन्सार बिन्दु मूल्य भारतीय रुपैयाँ २९ लाख ५ हजार रहेकोमा भारतीय रुपैयाँ ३९ लाख ३६ हजार भुक्तानी गरेको छ । भन्सारमा घोषणा भएको मूल्यभन्दा २१ देखि ६५.३८ प्रतिशतसम्म बढी खरिद मूल्य परेको छ ।

२०७१।१२।२९

बाबुराम गौतम
प्रवक्ता